कपुरकोट गाउँपालिका
कपुरकोट गाउँकार्यपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग : ३ संख्याः ११ मितिः २०८१/०३/०६

## परिक्षामा खटिने कर्मचारिहरुको सेवासुबिधा सम्बन्धी मापदण्ड २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०६
प्रमाणिकरण मितिः २०८१/०३/०६

प्रस्तावनाः

कपुरकोट गाउँपालिकाको विभिन्न पदहरुमा कर्मचारिहरुको करार सेवामा पदपुर्तिकोको परिक्षा सञ्चालन गर्दा परिक्षामा खटिने कर्मचारिहरुको सेवा सुबिधा सम्बन्धी मापदण्ड बनाउन आवश्यक भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दियको अधिकार प्रयोग गरी कपुरकोट गाउँपालिकाले यो मापदण्ड तर्जुमा गरि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र परिभाषाः**

(१) यस मापदण्डको नाम " **परिक्षामा खटिने कर्मचारिहरुको सेवासुबिधा सम्बन्धी मापदण्ड २०८१**" रहेको छ ।

२. यो मापदण्ड गाउँ कार्यपालिकावाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**३. परिभाषा** :

बिषय र प्रसङगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) " गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) "अध्यक्ष " भन्नाले कपुरकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष"भन्नाले कपुरकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले कपुरकोट गाउँकार्यपालिका सम्झनु पर्दछ ।

च) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ

छ) "वडा"भन्नाले कपुरकोट गाउँपालिकाका वडा सम्झनु पर्छ ।

ज) "वडा अध्यक्ष" भन्नाले कपुरकोट गाउँपालिकाको वडाको अध्यक्ष सम्झनु पर्छ ।

झ) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

ञ) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

ट) "पदपुर्ति समिति" भन्नाले कपुरकोट गाउँपालिमा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७९ को दफा ४) बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद – २

## परिक्षा संचालन सम्बन्धी व्यबस्था

**४. कर्मचारी वा बिज्ञहरुको सेवा सुबिधा सम्बन्धी व्यबस्थाः**

१)कुनै पनी सेवाको पदमा सञ्चालन हुने लिखित परीक्षा सञ्चालन गर्दा परीक्षा केन्द्रमा खटिने कर्मचारिहरुको भत्ता देहाय बमोजिम हुने छ ।

क) केन्द्राध्यक्ष (रा .प्र.अ.वा सो सरह) रु.१०००।-

ख) सहायक केन्द्राध्यक्ष (रा .प.अ.नं. प्रथम वा सो सरह) रु. ८०० ।-

ग) निरीक्षक (रा .प. अ.नं. दितृय वा सो सरह) रु.५००।-

घ) सुरक्षाकर्मि रु.३००।-

ङ) कार्यालय सहयोगी रु.३००।-

२) खण्ड (१) मा जुनसुकै कुरा लेखियको भएता पनि कुनै कर्मचारिहरुलाई बिशेष कारणबस यस मापदण्ड भन्दा बढि भत्ता दिनु परेमा वा पालिका बाहिर बाट कर्मचारि ल्याउनु परेमा आर्थिक कार्यबिधि अनुसार दैनिक भ्रमण खर्च बापतको रकम उपलब्ध गराउन बाधा पर्नेछैन।

३) उम्मेदवारको अन्तर्बाताको कामको लागि खटिने कर्मचारिहरुले पाउँने सेवा सुबिधा देहाय बमोजिमको हुनेछ ।

क) संयोजक (राजपत्राङकित वा सो सरह) रु.१०००(प्रति सिफ्ट)

ख) सदस्य रु. ८५०(प्रति सिफ्ट)

ग) सहयोगी कर्मचारी (ना.सु. र खरदार सो सरह) रु.५००(प्रति सिफ्ट)

घ) सुरक्षाकर्मी र कार्यालय सहयोगीरु रु.३०० (प्रति सिफ्ट)

४) उपदफा ३ मा सिफ्ट भन्नाले बढिमा ३ घन्टाको समय बुझ्नुपर्नेछ ।

५. उपदफा ३ मा जुनसुकै कुरा लेखियको भएता पनि कुनै कर्मचारिहरुलाई बिशेष कारणबस यस मापदण्ड भन्दा बढि भत्ता दिनु परेमा वा पालिका बाहिर बाट कर्मचारि ल्याउनु परेमा आर्थिक कार्यबिधि अनुसार दैनिक भ्रमण खर्च बापतको रकम उपलब्ध गराईने छ ।

६. उम्मेदवारको लिखित परीक्षाको पश्नपत्र निर्माण र उत्तरपुस्तिका जाँच गर्ने परीक्षकको सेवा सुबिधाः-

क) उत्तरपुस्तिका जाँचको गर्नको लागि  राजपत्राङकित वा सो सरहको कर्मचारि भएमा  वस्तुगतको लागि प्रति उत्तर पुस्तिका  रू.१००। र बिषयगतको लागि रू.२५०।

ख) राजपत्राङकित वा सो सरहको कर्मचारि  उपलब्ध नभएमा सहायक (रा.प.अनं. सो सरह)को कर्मचारिलाई वस्तुगतको लागि  भए प्रति उत्तर पुस्तिका ५० बिषयगतको लागि १५०। प्रति उत्तर पुस्तिका  पारिश्रमिक उपलब्ध गराइनेछ ।

ग) प्रश्नपत्र निर्माणको लागि बिषयगत भएमा रु.१०००।र बस्तुगत भएमा रु. १०००।- प्रति प्रश्नपत्र   उपलब्ध गराइनेछ ।

**७. पदपुर्ति समितिमा रहने पदाधिकारिहरुको सेवा सुबिधाः**

पदपुर्ति समितिमा रहने पदाधिकारिहरुले कपुरकोट गाउँपालिकाले पारित गरेको कार्यसञ्चालन निर्देशिकाले तोके बमोजिम बैठक भत्ता पाउने छन  भने खाजा बापत रू.३००।र ८ घण्टा भन्दा वढी परिक्षा सञ्चान भएमा प्रति व्यक्ति  रु.६००। वा सो रकम बराबरको खाजा उपलब्ध गराईने छ ।

## परिच्छेद – ३

## विविध

८. **शंसोधन वा परिमार्जन गर्न सकिने** : यस मापदण्ड कार्यन्वयन मा कुनै समस्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन वा  शंशोधन गर्न सक्नेछ ।

९. **खारेजी र बचाउः** यस मापदण्ड कार्यान्वयनमा कुनै दुबिधा उत्पन्न भएमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ  भने कुनै बुदाँहरू, प्रदेश कानुन र संघिय कानुन संग वाझिएमा वाझिएको हद सम्म अमान्य हुनेछ ।

..........................

आज्ञाले

भरत कुमार वली

प्रमुख प्रशासकिय अधिकृत